# नेपालमा विद्यार्थी प्रवासन, उच्च शिक्षाको संरचनागत सङ्कट र शिक्षणविधिको रूपान्तरण

पद्मप्रसाद खतिवडा[1]

[1] सहप्राध्यापक, जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग, त्रिवि

**Email**
*padma.khatiwada@cdpl.tu.edu.np*

*ORCID: 0000-0002-1860-8415*

प्रकाशन : २०८३ असार
Publish: 2026 June

**Doi:**
https://doi.org/10.3126/bns.v29i1.95333

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2026 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:** https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

प्रस्तुत अध्ययनले नेपालमा पछिल्लो समय तीव्र रूपमा बढिरहेको 'विद्यार्थी प्रवासन' (Student Migration) को समसामयिक प्रवृत्ति, यसका अन्तर्निहित कारकहरू र राष्ट्रिय अर्थतन्त्र, जनसाङ्ख्यिक संरचना एवं शैक्षिक प्रणालीमा पारेको बहुआयामिक प्रभावको विश्लेषण गरेको छ । माध्यमिक स्रोतका आधिकारिक तथ्याङ्कहरूको डेस्क-समीक्षा (Desk Review) मा आधारित यस अनुसन्धानले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल राष्ट्र बैंक र विश्वविद्यालय अनुदान आयोगका सन् २०२६ सम्मका नवीनतम तथ्याङ्कहरूलाई मुख्य आधार बनाएको छ । अध्ययनको निष्कर्षअनुसार देशमा रोजगारीको अवसरको अभाव र नेपाली विश्वविद्यालयहरूको अनुसन्धान विमुख परम्परागत शिक्षण पद्धतिका कारण युवा पुस्तामा चरम निराशा पैदा भई वैदेशिक अध्ययन अनुमति पत्र लिनेहरूको सङ्ख्या आर्थिक वर्ष २०२३/२४ मा इतिहासकै उच्च १,१२,५९३ पुग्यो । जनसाङ्ख्यिक लाभांशको यस स्वर्णिम कालखण्डमा विशेषगरी १६-२९ वर्ष उमेर समूहका युवाहरूको प्रवासनले देशमा भयावह 'बौद्धिक पलायन' (Brain Drain) र विगत सात वर्षमा करिब ५ खर्ब (४९३.०९ अर्ब रूपैयाँ) को 'पूँजी पलायन' (Capital Flight) गराएको छ । उच्च शिक्षाको संस्थागत संरचनालाई केलाउँदा, नेपालको कुल विद्यार्थी भारको ७७.६१ प्रतिशत हिस्सा त्रिभुवन विश्वविद्यालय एक्लैले धानेको छ भने बाँकी प्रादेशिक र केन्द्रीय विश्वविद्यालयहरू विद्यार्थी विहीन बन्दै गएका छन् । यही कमजोरीका बिच बिनाकुनै कडा मापदण्ड ९३ भन्दा बढी विदेशी विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू नेपालमा सञ्चालन भइरहेका छन् । यस सङ्कटको समाधानका लागि प्रस्तुत अध्ययनले स्वदेशी तथा विदेशी सम्बन्धन दिने सम्पूर्ण प्रक्रिया विश्वविद्यालय अनुदान आयोगको मातहतमा ल्याउनुपर्ने, विश्व र्याङ्किङमा ८००-१००० भित्र रहेको त्रिभुवन विश्वविद्यालयभन्दा कमजोर स्तरका विदेशी कलेजहरूलाई अनुमति दिन नहुने र कलेजहरूमा परम्परागत घोकन्ते विधिको सट्टा अनुसन्धानमुखी एवं समस्या समाधानमा आधारित (PBL) शिक्षणविधि तत्काल लागू गर्नुपर्ने ठोस नीतिगत सिफारिस गरिएको छ ।

***शब्दकुन्जी:*** विद्यार्थी प्रवासन, पुँजी पलायन, समस्या समाधानमा आधारित सिकाइ, संस्थागत असन्तुलन, नीतिगत परिमार्जन ।

## अध्ययनको पृष्ठभूमि

जनगणनाको पछिल्लो नतिजा २०७८ का अनुसार देशका ५ वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल २,६६,७५,९७५ जनसङ्ख्यामा २,०३,४१,६२३ जना पढ्न र लेख्न दुवै जान्ने देखाएको छ । यसअनुसार देशको समग्र साक्षरता दर

७६.२ प्रतिशत रहेको छ। पुरुषको साक्षरता दर ८३.६ प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ जो अघिल्लो २०६८ को जनगणनाको तुलनामा निकै प्रगति भएको भन्न सकिन्छ। कुल साक्षर जनसङ्ख्या मध्ये सबैभन्दा बढी २८.६ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह कक्षा १ देखि ५ सम्म उत्तीर्ण गरेका छन्। निम्न माध्यमिक तह कक्षा ६ देखि ८ सम्म उत्तीर्ण गरेका व्यक्तिहरू १९.७ प्रतिशत छन्। एस.एल.सी. वा सो सरह मात्र उत्तीर्ण गर्ने व्यक्तिहरू ९.३ प्रतिशत रहेकोमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गर्नेहरू १३.२ प्रतिशत छन्। स्नताक तह वा सो सरह उत्तीर्ण गनेहरू ४.३ प्रतिशत छन् भने १.७ प्रतिशतले स्नातकोत्तर वा सो भन्दा उत्तीर्ण गरेका छन् (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२२)।

लगभग १८ देखि ४० वर्षसम्मको समयलाई उच्चशिक्षा हासिल गर्ने समय मान्ने हो भने यी उमेरसमूहका मानिसहरू मध्ये आर्थिक रूपले सक्षम र पहुँच पुग्नेहरूको काम र शिक्षाका लागि बिदेसिने क्रम बढ्दो छ। प्राप्त पछिल्लो तथ्याङ्क अनुसार प्रतिदिन १,५०० देखि २,००० नेपाली नागरिक त्रिभवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र विदेशिने गरेको तथ्याङ्कमा उच्च शिक्षा अध्ययन गर्ने उमेर समूह मध्ये प्रतिदिन ५०० देखि ७०० सम्म युवाहरू विदेशिरहेका छन् जसमा उच्च शिक्षा सहित कामको खोजीमा मलेसिया, कतार, साउदी अरव, कुवेत लगायतका मुलुकमा जानेहरू पनि पर्दछन्। भारतको बाटो हुँदै विदेशिने वा भारतमा नै अध्ययन गर्न वा काम गर्न जाने युवा कति छन् यकिन गर्न कठिन छ। राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार हाल १५,५५,९६१ (२३.४ प्रतिशत) घरधुरीबाट २१,९०,५९२ नेपाली नागरिकहरू बिदेशमा छन् जो जम्मा जनसङ्ख्याको आठ प्रतिशत हुन आउछ। नेपालमा १८ देखि ४० वर्ष उमेर समूहभित्र हाल नेपालको ३६ प्रतिशत जनसङ्ख्या पर्दछ तर यसरी सधैँ युवाहरूको बाहुल्य हुने स्थिति भने रहँदैन। जन्मदर तीव्र रूपले घटेकै कारण अर्को दश वर्षमा हाल २५ वर्ष मुनि रहेको आधा जनसङ्ख्या ३० वर्ष मुनिको जनसङ्ख्यामा सिफ्ट हुने निश्चित छ र वीस वर्षमा यो ३५, ४० वर्षमा पुग्ने अनुमान गर्न सकिन्छ (Khatiwada, et al., 2026)। यसबाट नै अबको २० वर्षमा नै नेपालको जनसङ्ख्या संरचनामा आएको तीव्र परिवर्तनका कारण विद्यमान शिक्षा प्रणालीमा उथलपुथल हुने निश्चित छ।

## सैद्धान्तिक पर्याधार

वैश्वीकरण, सूचना प्रविधिको तीव्र विकास र नवउदारवादी पुँजीवादी अर्थतन्त्रको विस्तारसँगै एक्काईसौँ शताब्दीमा शैक्षिक प्रवासन (Student Migration) विकासोन्मुख देशहरूको एक प्रमुख सामाजिक-आर्थिक तथा जनसाङ्ख्यिक परिपरिघटना बनेको छ। नेपालको परिप्रेक्ष्यमा 'विद्यार्थी प्रवासन' केवल उच्च शिक्षा वा डिग्री हासिल गर्ने प्राज्ञिक माध्यम मात्र नभएर युवा पुस्ताको जीवन पद्धति, आधुनिकता, सामाजिक प्रतिष्ठा र समग्र देशको जनसाङ्ख्यिक भविष्य निर्धारण गर्ने एक शक्तिशाली र पेचिलो सूचकका रूपमा उदाएको छ।

प्राज्ञिक दृष्टिकोणबाट विद्यार्थी प्रवासनको यो लहरलाई स्थापित आर्थिक तथा समाजशास्त्रीय सिद्धान्तहरूका आधारमा विश्लेषण गर्न सकिन्छ। सर्वप्रथम, एभरेट ली (१९६६) को 'आकर्षण र विकर्षण सिद्धान्त' (Push-Pull Theory) अनुसार मानिसहरू आफ्नो थातथलो छोड्न बाध्य पार्ने आन्तरिक कमजोरीहरू (Push Factors) र गन्तव्य मुलुकका आकर्षक अवसरहरू (Pull Factors) को द्वन्द्वात्मक उपजका रूपमा बसाइँ सर्छन्। नेपालको सन्दर्भमा, परम्परागत पाठ्यक्रम, प्राज्ञिक क्यालेन्डरको अनिश्चितता, परीक्षा प्रणालीमा हुने महिनौँको ढिलासुस्ती, चरम राजनीतिक हस्तक्षेप, र प्रयोगात्मक सिकाइको अभावले देशभित्र चरम 'विकर्षण' (Push) पैदा गरेको छ। अर्कोतर्फ, विकसित मुलुकहरूले दिने गुणस्तरीय शिक्षा, पार्ट-टाइम रोजगारीको अवसर र स्थायी बसोबास (PR) को सुनिश्चितताले नेपाली युवाहरूलाई तीव्र रूपमा 'आकर्षण' (Pull) गरिरहेको छ (खतिवडा, २०२४)।

दोस्रो, थियोडोर शुल्ज (१९६१) र ग्यारी बेकर (१९६४) द्वारा प्रतिपादित 'मानव पूजी सिद्धान्त' (Human Capital Theory) ले शिक्षालाई एक उपभोग्य वस्तु नभई भविष्यमा उच्च प्रतिफल दिने 'लगानी' (Investment) को रूपमा व्याख्या गर्दछ । यस सिद्धान्तअनुसार नेपाली विद्यार्थी र अभिभावकहरूले स्वदेशी शिक्षामा लगानी गर्दा भविष्य सुरक्षित नदेखेपछि आफ्नो 'मानव पूँजी' को मूल्य बढाउन घरजग्गा धितो राखेर वा ऋण धन गरेर विदेशी शैक्षिक बजारमा लगानी गरिरहेका छन् । तर यो लगानी राष्ट्रिय पूँजी पलायन (Capital Flight) को मुख्य कारण बन्न पुगेको छ (नेपाल राष्ट्र बैंक, २०२६) ।

यसै गरी, अन्तर्राष्ट्रिय प्रवासनको 'ब्रेन ड्रेन' (Brain Drain) दृष्टिकोणले विकासोन्मुख देशहरूबाट हुने बौद्धिक पलायनले रैथाने समाजलाई कङ्गाल बनाउने तर्क गर्दछ । नेपाल हाल आफ्नो जनसाङ्ख्यिक लाभांश (Demographic Dividend) को स्वर्णिम कालखण्डबाट गुज्रिरहेको छ, जहाँ कुल जनसङ्ख्याको २१ प्रतिशत हिस्सा १५ देखि २४ वर्ष उमेर समूहका युवाहरूको रहेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२३) । यो ऊर्जाशील जनशक्तिलाई देशभित्रै खपत गर्ने ठोस नीति र प्रविधिमैत्री शिक्षणविधिको अभावमा यो लाभांश 'ब्रेन ड्रेन' मा परिणत भइरहेको छ । यद्यपि आधुनिक प्रवासन शास्त्रले यसलाई  'ब्रेन गेन' (Brain Gain) वा 'ब्रेन सर्कुलेसन' (Brain Circulation) मा बदल्न सकिने सम्भावना औँल्याए तापनि नेपाल सरकारसँग विदेशबाट फर्किएका सिपयुक्त जनशक्तिको कुनै आधिकारिक अभिलेख र नीति नहुँदा त्यो सैद्धान्तिक सम्भावना केवल कागजमा सीमित छ । तसर्थ विद्यार्थी प्रवासनका यी बहुआयामिक पाटाहरूलाई स्थापित सैद्धान्तिक रूपरेखाभित्र राखेर ऐतिहासिक, आर्थिक, सामाजिक, जनसाङ्ख्यिक र शिक्षणविधिको कोणबाट बृहत् रूपमा केलाउनु वर्तमान समयको प्रमुख प्राज्ञिक र राष्ट्रिय आवश्यकता हो ।

## जनसाङ्ख्यिक लाभांश र प्रजनन् दरको विरोधाभास: सैद्धान्तिक विश्लेषण

नेपालको वर्तमान जनसाङ्ख्यिक र शैक्षिक सङ्कटलाई गहिरोसँग बुझ्न जनसाङ्ख्यिक सङ्क्रमण सिद्धान्त (Demographic Transition Theory) को सैद्धान्तिक कडीसँग जोड्नु आवश्यक छ । जनसाङ्ख्यिक सङ्क्रमण सिद्धान्तको जग सर्वप्रथम वारेन थम्प्सन (Warren Thompson, 1929) ले बसालेका थिए भने यसलाई पछि फ्रान्क नोटेस्टिन (Frank Notestein, 1945) ले प्राज्ञिक रूपमा परिमार्जित गर्दै पूर्ण रूप दिएका हुन् । यस सिद्धान्तका अनुसार कुनै पनि समाज परम्परागत उच्च जन्मदर र उच्च मृत्युदरको अवस्था (पहिलो चरण) बाट आधुनिक न्यून जन्मदर र न्यून मृत्युदरको अवस्था (चौथो चरण) तर्फ सङ्क्रमण गर्दछ । यस सङ्क्रमणकालीन यात्राको तेस्रो र चौथो चरणको सन्धिकालीन अवधिमा मृत्युदर तीव्र रूपमा घट्ने तर जन्मदर बिस्तारै घट्ने हुँदा समाजमा कार्यशील वा युवा जनसङ्ख्याको अंश अत्यधिक हुन पुग्छ, जसलाई जनसङ्ख्या शास्त्रमा 'जनसाङ्ख्यिक लाभांश' (Demographic Dividend) भनिन्छ (थम्प्सन, १९२९; नोइस्टिन, १९४५) ।

नेपाल हाल यसै सैद्धान्तिक रूपरेखाको ऐतिहासिक र स्वर्णिम लाभांशको कालखण्डबाट गुज्रिरहेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा श्रम गर्न सक्ने (१५-५९ वर्ष) जनसङ्ख्याको हिस्सा इतिहासकै उच्च ६५ प्रतिशतभन्दा बढी पुगेको छ, जसमा उच्च शिक्षाको उमेर मानिने १५ देखि २४ वर्षका युवाहरूको सङ्ख्या मात्रै कुल जनसङ्ख्याको २१ प्रतिशत (करिब ६० लाख) रहेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२३) । सिद्धान्ततः यो ऊर्जाशील र शिक्षित युवा जनशक्ति देशको आर्थिक रूपान्तरण र औद्योगिक विकासको मुख्य संवाहक हुनुपर्ने हो ।

तर, नेपालको सन्दर्भमा यो सैद्धान्तिक लाभांश र वर्तमान सामाजिक यथार्थबिच एउटा ठुलो विरोधाभास पैदा भएको छ। नोटेस्टिन (१९४५) को सिद्धान्तले औँल्याए जस्तै, सामाजिक-आर्थिक चेतना र आधुनिकताको विकाससँगै नेपालको कुल प्रजनन् दर तीव्र रूपमा घटेर प्रति महिला २.३ प्रतिशतमा झरिसकेको छ। यसको सिधा अर्थ यो हो कि नेपालमा युवा जनसङ्ख्याको यो बाहुल्यता सधैँ रहने छैन; आगामी दुई वा तीन दशकपछि नेपाल तीव्र रूपमा बुढ्यौली जनसङ्ख्याको सङ्कटतर्फ धकेलिनेछ। यस्तो संवेदनशील घडीमा देशको युवा जनशक्ति स्वदेशमै खपत हुनुको साटो शैक्षिक प्रवासनका नाममा ऊर्जाशील उमेरमै देश छोडेर पलायन भइरहेको छ (खतिवडा, २०२४)। थम्प्सन र नोटेस्टिनको सैद्धान्तिक ढाँचा अनुसार यदि अनुकूल जनसाङ्ख्यिक कालखण्डमा युवा जनशक्तिलाई स्वदेशको शिक्षा र रोजगार बजारमा रोक्न सकिएन भने देश 'जनसाङ्ख्यिक लाभांश' प्राप्त गर्नु अगावै बुढ्यौली जनसङ्ख्याको चपेटामा पर्नेछ। नेपालमा भइरहेको यो तीव्र विद्यार्थी प्रवासनले देशलाई त्यही सैद्धान्तिक सङ्कटतर्फ धकेलिरहेको पुष्टि गर्दछ।

यी महत्वपूर्ण सैद्धान्तिक पक्षका आधारमा प्रस्तुत अनुसन्धानमूलक लेखको मुख्य उद्देश्य नेपालमा विद्यार्थी प्रवासनको ऐतिहासिक पृष्ठभूमि र सन् २०२६ सम्मको वार्षिक प्रवृत्तिको विस्तृत लेखाजोखा गर्नु रहेको छ। यसमा विद्यार्थी प्रवासनका प्रमुख गन्तव्य मुलुकहरूको परिवर्तनशील स्वरूप, उमेरगत संरचना र लैङ्गिक प्रवृत्तिको विश्लेषण गरी शैक्षिक प्रवासनका कारण नेपालबाट बाहिरिएको कुल पूँजी (Capital Flight) र यसले राष्ट्रिय अर्थतन्त्र र विदेशी मुद्रा सञ्चितिमा पारेको असरको मूल्याङ्कन गरिएको छ। साथमा उच्च शिक्षा प्रदान गर्दै आएका नेपाली विश्वविद्यालयहरूको आन्तरिक संरचना, विदेशी सम्बन्धनको नियमन र शैक्षिक परामर्शदाता (Consultancies) को भूमिकामा देखिएका विरोधाभास र चुनौतीहरू पहिल्याउदै नेपालको उच्च शिक्षामा आधुनिक र उपयुक्त शिक्षणविधिको आवश्यकता चर्चा गर्दै यस क्षेत्रको सुधारका उपायहरू पहिल्याउँने कोसिस गरिएको छ। अन्त्यमा विद्यार्थी प्रवासनलाई नियमन गर्न र स्वदेश फर्किएका सिपयुक्त जनशक्तिलाई राष्ट्रिय विकासमा जोड्न आवश्यक व्यावहारिक नीतिगत सिफारिसहरू प्रस्तुत गरिएको छ।

## अध्ययन विधि

यस अध्ययनमा परिमाणात्मक र गुणात्मक विधिको सन्तुलित प्रयोग गरिएको छ। मुख्य रूपमा यो अध्ययन माध्यमिक स्रोतबाट प्राप्त तथ्याङ्कहरूमा आधारित डेस्क-समीक्षा हो। परिमाणात्मक विश्लेषणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (हाल शिक्षा तथा खेलकुद मन्त्रानय) को वैदेशिक अध्ययन अनुमति पत्र (NOC) शाखाको वार्षिक प्रतिवेदन, नेपाल राष्ट्र बैंकको आर्थिक सर्वेक्षण तथा भुक्तानी सन्तुलन प्रतिवेदन र राष्ट्रिय तथ्याङ्क कार्यालयको जनगणनाका तथ्याङ्कहरूलाई मुख्य आधार बनाइएको छ। गुणात्मक विश्लेषणका लागि अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (IOM), विश्व बैंकका प्रतिवेदनहरू र शैक्षिक परामर्शदाताहरूको छाता सङ्गठन (ECAN) का आचारसंहिताको समीक्षा गरिएको छ। प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण र रेखाचित्र मार्फत प्रवृति विश्लेषण (Trend Analysis) गरी नेपालको शैक्षिक प्रवासनको वर्तमान चित्रलाई प्राज्ञिक रूपमा प्रस्तुत गरिएको छ।

## अध्ययनका सीमाहरू

प्रस्तुत अध्ययन व्यापक तथ्याङ्क र नीतिगत विश्लेषणमा आधारित भए तापनि यसका केही प्राज्ञिक सीमाहरू रहेका छन् :

- अनौपचारिक माध्यमको तथ्याङ्क अभाव: यो अध्ययन मुख्य रूपमा वैधानिक च्यानल (NOC र बैंक रेकर्ड) मा आधारित भएकाले खुला सीमाका कारण विना NOC भारत अध्ययन गर्न जाने वा हुन्डीमार्फत बाहिरिने पूँजीको वास्तविक रेकर्ड यसमा समावेश हुन सकेको छैन।

- प्राथमिक तथ्याङ्कको अभाव: यो मुख्य रूपमा माध्यमिक स्रोतहरूको डेस्क-समीक्षा (Desk Review) भएकाले विदेसिएका विद्यार्थीहरूको कार्यस्थलको वास्तविक भोगाई र मानसिक संघर्षको प्रत्यक्ष प्राथमिक तथ्याङ्क यसमा समेटिएको छैन।

## विद्यार्थी प्रवासन र वैदेशिक अध्ययन अनुमति पत्र (NOC) को वार्षिक प्रवृत्ति

नेपालमा शिक्षा र रोजगारीका अवसर सीमित हुने भन्दा पनि राज्यले शिक्षा र रोजगारीलाई प्रत्यक्ष रूपमा जोड्न नसकेको अवस्थामा देशमा नै प्रसस्तै शिक्षाको अवसर हुँदाहुँदै पनि विद्यार्थीहरू अध्ययनका लागि अन्य मुलुक जाने गर्छन्। नेपालमा १५ देखि २४ वर्षका युवाको सङ्ख्या २१ प्रतिशत छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२२) र यसले उच्च शिक्षाको माग उल्लेख मात्रामा बढाएको छ।

**तालिका १:** *वैदेशिक अध्ययन अनुमति पत्र (NOC) जारी भएको वार्षिक प्रवृत्ति*

| क्र.सं. | आर्थिक वर्ष / वर्ष (सन्) | NOC लिने विद्यार्थी सङ्ख्या | मुख्य प्रवृत्ति / टर्निङ पोइन्ट |
|---|---|---|---|
| १ | २००९/१० | २६,९४८ | प्रारम्भिक शैक्षिक प्रवासनको सुरूवात |
| २ | २०१०/११ | ११,९४३ | बेलायत र अस्ट्रेलियाको भिसा नीति कडा हुँदा गिरावट |
| ३ | २०११/१२ | १०,२५८ | इतिहासकै न्यून प्रवासन विन्दु |
| ४ | २०१२/१३ | १०,२५८ | स्थिर अवस्था |
| ५ | २०१३/१४ | १६,४९९ | प्रवासनको लहर पुनः बौरिएको चरण |
| ६ | २०१५/१६ | २०,६९६ | बिस्तारै वृद्धि |
| ७ | २०१६/१७ | ३७,०३७ | तीव्र वृद्धिको सुरूवात |
| ८ | २०१७/१८ | ५०,६५९ | अस्ट्रेलिया प्रवासनको स्वर्ण काल |
| ९ | २०७५/०७६ | ६३,२५९ | महामारी पूर्वको उच्च विन्दु |
| १० | २०१९/२० | ३३,०१७ | कोरोना महामारीका कारण सीमा बन्द हुँदा सङ्कुचन |
| ११ | २०२०/२१ | २९,४३२ | कोरोना महामारीको प्रत्यक्ष प्रभाव |
| १२ | २०२१/२२ | १,१४,००० | महामारी पछि इतिहासकै ठुलो उछाल (Backlog) |
| १३ | २०२२/२३ | १,१०,२१८ | उच्च प्रवृत्तिको निरन्तरता |
| १४ | २०२३/२४ | १,१२,५९३ | आधिकारिक रूपमा आर्थिक वर्षकै उच्च रेकर्ड |
| १५ | २०२४/२५ | १,२३,०९२ | क्यालेन्डर वर्षका आधारमा इतिहासकै उच्च विन्दु |
| १६ | २०२६ (अप्रिलसम्म) | १०,९३१ | पूर्ण रूपमा अनलाइन प्रणालीबाट मात्र जारी |

(*स्रोत:* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (MoEST) प्रतिवेदन, २०२६)

आगामी केही वर्षसम्म विदेसिने विद्यार्थीको सङ्ख्या अझै बढ्ने अनुमान गरिएको छ। विद्यार्थी प्रवासनका कारण परिवारले विप्रेषण प्राप्त गरी सम्पन्नतातर्फ अघि बढिरहेका छन्। विश्व बैंकका अनुसार नेपालमा युवाको सङ्ख्या वृद्धि भइरहेको छ। यसले अर्थ श्रम गर्न सक्ने जनसङ्ख्याको हिस्सा अन्य जनसङ्ख्याको हिस्साभन्दा धेरै छ भन्ने जनाउँछ (कोसिक, डि., दाहाल, एस., एन्ड एम. किट्जमुलर, २०१७)। तर जनसाङ्ख्यिक संरचनामा यस्तो अवस्था लामो समयसम्म नरहने पनि अनुमान गरिएको छ किनभने नेपालको प्रजनन् दर घटिरहेको छ र हाल यो दर २.३ प्रतिशत छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन अनुमति पत्र (NOC) शाखाको पछिल्लो रेकर्ड र सन् २०२६ को प्रतिवेदनअनुसार नेपालबाट अध्ययनका लागि विदेशिने विद्यार्थीहरूको सङ्ख्यामा ऐतिहासिक उछाल

आएको छ। वि. सं. २०७८ को जनगणनाअनुसार २ लाख ९ हजार ४ सय ३३ जना अध्ययनका लागि विदेश गएका थिए। यस अघि अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनले सन् २०१६ मा गरेको एक अध्ययनले ८४ हजार ७ जना नेपालीहरू विदेशमा अध्ययन गरिरहेका र तीमध्ये ७६ प्रतिशत सहरी क्षेत्रका विद्यार्थी रहेको देखाएको थियो। उक्त अध्ययनअनुसार नेपाली विद्यार्थीका लागि भारत र अस्ट्रेलिया प्रमुख गन्तव्य मुलुक हुन्।

विदेशमा अध्ययनरत कूल नेपाली विद्यार्थीमध्ये तीन चौथाइभन्दा बढी १८ देखि २९ वर्ष उमेर समूहका र बाँकी १९ प्रतिशत ३३ देखि ४४ वर्ष उमेर समूहका थिए (यो उमेर समूहका विद्यार्थीले स्नातकोत्तर वा विद्यावारिधि गरिरहेका वा थप शैक्षिक योग्यता हासिल गरिरहेका थिए)। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्याङ्कअनुसार आ. व. २०१७/०१८ मा ६३ हजार २ सय ५९ जनाले मन्त्रालयबाट अध्ययन अनुमति पत्र (NOC) लिएका थिए जो २०२५ मा पुग्दा १ लाख २३ हजार माथि पुगी क्यालेन्डर वर्षका आधारमा इतिहासकै उच्च विन्दुमा रहेको छ। नेपालका बैंकमार्फत् विदेशी मुद्रामा शैक्षिक शुल्क तिर्नका लागि विदेश जाने विद्यार्थीलाई यस्तो अध्ययन अनुमति पत्र आवश्यक पर्छ। अनुमति पत्र प्राप्त गर्न नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता र विदेशी शैक्षिक संस्थाले दिएको अफर लेटर पेस गर्नुपर्छ।

## गन्तव्य मुलुकहरूको परिवर्तन र विविधीकरण

विगतमा नेपाली विद्यार्थीहरूको पहिलो र सहज गन्तव्य छिमेकी मुलुक भारत मात्र हुने गर्दथ्यो। तर समयक्रमसँगै र विश्वव्यापी शैक्षिक बजारको पहुँचले गर्दा गन्तव्य मुलुकहरू तीव्र रूपमा विविधीकृत (Diversified) भएका छन्। आ.व. २०१५/०१६ मा अध्ययनका लागि अमेरिका जाने नेपाली विद्यार्थीको सङ्ख्या २० प्रतिशत (जुन दर अमेरिकामा अध्ययन गर्न पठाउने २५ मुलुकमध्ये सबैभन्दा धैरै हो) र अस्ट्रेलिया गएका विद्यार्थीको सङ्ख्या ६० प्रतिशतले बढेको थियो। अस्ट्रेलियाको डिपार्टमेन्ट अफ होम अफेयर्सको तथ्याङ्कअनुसार सन् २०१८/०१९ को पहिलो चौमासिकमा १३ हजार ४ सय ७८ जना नेपाली विद्यार्थीले भिसाका लागि आवेदन दिएका थिए। उक्त सङ्ख्या अघिल्लो वर्षभन्दा ६ हजारले बढी हो। सन् २०१७/०१८ मा ३१ हजार १ सय ५७ जना नेपाली नागरिकलाई विद्यार्थी भिसा प्रदान गरिएको थियो (गृह मन्त्रालय, २०१८)। सन् २०१८/०१९ मा अध्ययनका लागि विदेशिने विद्यार्थीको सङ्ख्या ६ गुणाले बढेको थियो। कोरोनाका कारण सन् २०२०/२१ मा घटेको तथ्याङ्क कोरोना साम्य हुनासाथ फेरी ह्वात्तै बढ्न थाल्यो र आज सम्म निरन्तरता पाएको छ। गन्तव्य मुलुकहरूको पछिल्लो प्रवृत्ति (२०२४-२०२६) अवलोकन गर्दा जापान र यूकेको उभारको चर्चा गर्नु पर्ने हुन्छ। अस्ट्रेलिया र क्यानाडाले सन् २०२४/२०२५ मा अन्तर्राष्ट्रिय विद्यार्थी नीति र भिसा कोटामा गरेको कडाइका कारण नेपाली विद्यार्थीहरूको आकर्षण जापान र यूकेतर्फ मोडिएको छ (ICEF Monitor, 2024)। जापानमा नेपाली विद्यार्थीको सङ्ख्या ४५,००० नाघेर चीनपछि दोस्रो ठुलो बजार बनेको छ भने यूकेमा नेपाली विद्यार्थी आगमन ८९% सम्मले बढेको छ। यस्तै अन्तर्राष्ट्रिय शिक्षा संस्थान (IIE, 2024) को प्रतिवेदनअनुसार अमेरिकामा हाल १६,७४२ भन्दा बढी नेपाली विद्यार्थीहरू अमेरिकाका विभिन्न विश्वविद्यालयमा अध्ययनरत छन्, जसले गर्दा अमेरिका पठाउने शीर्ष १० देशहरूमा नेपाल पर्न सफल भएको छ।

**तालिका २:** *नेपाली विद्यार्थीहरूको उमेर समूह र गन्तव्य प्राथमिकता*

| उमेर समूह | विद्यार्थी हिस्सा (%) | मुख्य गन्तव्य मुलुकहरू | शैक्षिक विधा / उद्देश्य |
|---|---|---|---|
| १८ - २९ वर्ष | ७५% भन्दा बढी | अस्ट्रेलिया, जापान, बेलायत, क्यानाडा, अमेरिका | प्रमाणपत्र तह (+२) र स्नातक तह, व्यावहारिक र रोजगारीमुखी शिक्षा |
| ३३ - ४४ वर्ष | १९% - २४% | संयुक्त राज्य अमेरिका, युरोपेली मुलुकहरू, विश्वविद्यालय अनुसन्धान केन्द्रहरू | स्नातकोत्तर, विद्यावारिधि, शैक्षिक निरन्तरता र स्थायी बसोबास (PR) |

(*स्रोत:* खतिवडा, २०२४)।

कतिपय मुलुकले अध्यागमन कानुनमा कडाइ गर्दै आएका कारण सुरूमा विद्यार्थी भिसामार्फत् सम्बन्धित मुलुकका प्रवेश गर्ने र पछि स्थायी बसोबासका लागि आवेदन दिने प्रवृत्ति देखिन्छ। अर्को शब्दमा भन्नुपर्दा अध्ययनपछि विद्यार्थी भिसालाई आवासीय वा रोजगार भिसामा रूपान्तरण गर्न सकिन्छ। विदेश अध्ययन गर्न जाने नेपाली विद्यार्थीको सङ्ख्या बढेसँगै उद्गम र गन्तव्य दुवै मुलुकमा एजुकेसन कन्सल्टेन्सीका नाममा नयाँ निजी व्यवसाय पनि फस्टाएको छ। नेपालमा खोलिने एजुकेसन कन्सल्टेन्सीलाई शिक्षा मन्त्रालयको शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखामा दर्ता गर्नुपर्छ। त्यस्तै एजुकेसन कन्सल्टेन्सी एसोसिएसन अफ नेपाल नामक पेसागत सङ्गठन पनि स्थापना गरिएको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता गरिएको यस सङ्गठनले विद्यार्थी र अभिभावकलाई भरपर्दो सूचना, मार्गदर्शन तथा परामर्श दिने लक्ष्य राखेको छ। यसका सदस्यका लागि आचार सहिंतासमेत लागू गरिएको छ। यस प्रकारका प्रयासका बावजुद अवैध रूपमा समेत एजुकेसन कन्सल्टेन्सी सञ्चालन गरिएको र यिनले विद्यार्थीलाई विदेशमा काम खोजिदिने बाचा गर्दै ठग्ने गरेको गुनासो सुनिन्छ। साथै नेपाली विद्यार्थी जाने गन्तव्य मुलुकका कतिपय शैक्षिक संस्थाले औपचारिक मान्यता नपाएको अवस्था पनि छ। अध्ययनपछि स्वदेश फर्किएका विद्यार्थीको अभिलेख छैन। यसरी एकातिर सिपयुक्त जनशक्तिको लेखाजोखा हुन सकेको छैन भने अर्कोतिर राष्ट्रिय विकासमा योगदान पुर्याउने गरी उनीहरूको सिप उपयोग गर्ने प्रभावकारी नीति बनाई लागू गर्न सकिएको छैन।

### आर्थिक प्रभाव: भयावह पूँजी पलायन (Capital Flight)

शैक्षिक प्रवासनसँगै नेपालबाट ठुलो मात्रामा पैसा समेत विदेशिने गरेको छ। सन् २०१८/०१९ मा ११ महिनाको अवधिमा ४० अर्ब रूपियाँ नेपालबाट विदेसिएको थियो र उक्त रकम अघिल्लो आर्थिक वर्षको तुलनामा ३० करोडभन्दा बढी हो। यस वर्ष मात्र ७० अरव रूपैयाँ यी विद्यार्थीहरूबाट विदेसिएको देखिन्छ। यसरी विद्यार्थी विदेसिनुमा नेपालका विश्वविद्यालयहरूलाई दोष लगाउने गरिएको छ। तर पनि विदेशमा नै विद्यार्थी आकर्षण गर्न नेपालमा हाल ९३ विदेशी विश्विद्यालयका शैक्षिक कार्यक्रमहरू पनि उत्तिकै जिम्मेवार रहेको तथ्यप्रति हामी सबैको ध्यान जान जरूरी भएको छ। यी कार्यक्रहरूको स्वीकृति नेपालका विश्वविद्यालयहरूलाई थाहै नदिई शिक्षा मन्त्रालयबाट हुने गरेको छ। यी कार्यक्रमहरूलाई सहजिकरण गर्ने सहित नेपालमा विदेशको उच्च शिक्षामा नेपाली विद्यार्थीलाई सहजिकरण गर्ने शैक्षिक कम्पनीहरू १,५०० माथि रहेको अनुमान छ। यसरी नेपाली युवालाई विद्यार्थीको रूपमा विदेश पठाए वापत यी कम्पनीहरूले कमिशन पाउने गरेको तथ्यहरू प्रकाश भइरहेका छन्। यसलाई रोक्ने

उद्देश्यले सरकारले नियमन गर्न खोजेको तर सम्भव नभएको तथ्य आइरहेको छ। विदेश जाने सबै विद्यार्थी वास्तवमा नै पढ्ने आधार देखिएको छैन। शिक्षाका लागि विदेशिनेहरूमा अधिकांशले तोकिएको डिग्री हाँसिल गर्न सकेका छैनन्। उनीहरू जीवन निर्वाहका लागि काममा खटिनु पर्ने हुन्छ र शिक्षाको निरन्तरता हुँदैन (Khatiwada, 2026)।

नेपाल श्रम प्रवासनबाट रेमिट्यान्स भित्र्याउने देश भए तापनि शैक्षिक प्रवासनका नाममा अर्बौं डलर मुलुकबाट बाहिरिइरहेको छ। नेपाल राष्ट्र बैंकको २०२५/२०२६ को समष्टिगत आर्थिक प्रतिवेदनअनुसार शिक्षाका नाममा देशबाट भएको पूँजी पलायनको अवस्था निकै गम्भीर छ।

**तालिका ३:** *शिक्षा शीर्षक अन्तर्गत नेपालबाट बाहिरिएको कुल पूँजी (Capital Outflow)*

| आर्थिक वर्ष / वित्तीय अवधि | बाहिरिएको रकम (ने. रू.मा) | विवरण |
|---|---|---|
| आव २०१८/१९ | ४६.३२ अर्ब | महामारी पूर्वको सामान्य पूँजी प्रवाह |
| आव २०१९/२० | २५.८१ अर्ब | कोरोना महामारीका कारण गिरावट |
| आव २०२१/२२ | ६७.७० अर्ब | महामारी पछि खुला सीमासँगै तीव्र वृद्धि |
| आव २०२२/२३ | १,००.४२ अर्ब | इतिहासमा पहिलो पटक १ खर्बको आँकडा पार |
| आव २०२३/२४ | १,२५.१३ अर्ब | विदेशी मुद्रा सञ्चितिमा चरम दबाब |
| आव २०२४/२५ | १,३८.४८ अर्ब | वार्षिक खर्चको हिसाबले इतिहासकै उच्च पूँजी पलायन |
| आव २०२५/२६ (७ महिना) | ६४.१५ अर्ब | सेवा खाता अन्तर्गत कुल भ्रमण खर्चको ५०% भन्दा बढी |

(*स्रोत:* नेपाल राष्ट्र बैंक, आर्थिक सूचक प्रतिवेदन २०२५/२०२६)

विगत सात वर्षको कुल जोड हेर्दा नेपालबाट उच्च शिक्षाका नाममा ४ खर्ब ९३ अर्ब ९ करोड रूपैयाँ (करिब ५ खर्ब) वैधानिक च्यानलबाट बाहिरिइसकेको छ (नेपाल राष्ट्र बैङ्क, २०२६)। यसले देशको शोधनान्तर स्थिति (Balance of Payments) र बैंकिङ तरलतामा प्रत्यक्ष नकारात्मक प्रभाव पारेको छ।

## शैक्षिक परामर्शदाता (Consultancies) र नियमनको अवस्था

नेपालमा विद्यार्थी प्रवासनलाई संस्थागत ढाँचा दिन शैक्षिक परामर्शदाताहरूको भूमिका मुख्य रहेको छ। शिक्षा मन्त्रालय (MoEST) को आधिकारिक विवरणअनुसार हाल नेपालमा कानुनी रूपमा दर्ता भई सञ्चालनमा रहेका कन्सल्टेन्सीहरूको सङ्ख्या १,४५९ रहेको छ (शिक्षा, विग्यान तथा प्रविधि मन्त्रालय, २०२६)। मन्त्रालयले कन्सल्टेन्सी र विदेश जाने विद्यार्थीहरूको विवरण प्रणालीलाई पूर्ण डिजिटल बनाइएको भए तापनि अनौपचारिक रूपमा सामाजिक सञ्जालबाट हुने अवैध प्रचार र प्रलोभन देखाउने क्रम पूर्ण रूपमा रोकिन सकेको छैन।

## विश्वविद्यालयका आन्तरिक समस्या र नियमन सम्बन्धी नीतिगत असङ्गति

नेपालमा हाल १४ वटा विश्वविद्यालय केनसञ्चालनमा छन्। प्रदेशस्तरीय विश्विद्यालय खोलिने क्रम पनि बढ्दो छ तर स्वदेशी विश्वविद्यालयमा विद्यार्थी किन टिक्न सकेनन् भन्ने आजको अहम् प्रश्न रहेको छ। यसका पछि राजनीतिक र प्राज्ञिक कारण त छदैछन्। नेपालका विश्वविद्यायलयमा विद्यार्थीलाई आवसीय सुविधा सहित छात्रवृत्तिको व्यवस्था, प्राध्यापकलाई अनुसन्धान गर्ने र ती अनुसन्धानको आधारमा देशका नीति तथा कार्यक्रम बन्ने अवस्थाको सिर्जना

आज सम्म गर्न सकिएको छैन। विशेषगरी विश्विद्यालयका स्नातकोत्तर कार्यक्रम/कोर्स अनुसन्धानमूलक नहुँदा विदेशी विश्वविद्यालयमा भर्ना हुने विद्यार्थीको सङ्ख्या ह्वात्तै बढेको तर्फ पनि ध्यान दिन जरूरी छ। यी सबै कार्य गर्न विश्विद्यालयललाई धन्ने खर्च सरकारले जुटाउन सक्यो सकेन भन्ने प्रश्न दिन प्रतिदिन पेचिलो भएको छ। नेपालमा हाल सम्म ९० भन्दा बढी उच्च शिक्षाका कार्यक्रमहरू विदेशी विश्वविद्यालयका रहेका छन्। यिनको स्वीकृति देशकै विश्वविद्ययालय मार्फत ल्याइएको छैन। शिक्षा मन्त्रालयबाट हुने यस्तो स्वीकृतिको नियमन अत्यन्तै खुकुलो बनाइएको छ। यसले गर्दा पनि नेपालका विश्विद्यालयमा विद्यार्थी आकर्ण घटाइएको देखिन्छ।

यसरी नेपाली विद्यार्थीहरू स्वदेशमा टिक्न नसक्नुमा नेपालका विश्वविद्यालयहरूको संरचनागत असफलता, संस्थागत असन्तुलन र राज्यको नीतिगत खुकुलोपन प्रमुख रूपमा जिम्मेवार छ। विश्वविद्यालय अनुदान आयोग (UGC) को आधिकारिक प्रतिवेदन २०८०/८१ (२०२३/२०२४) ले नेपालका उच्च शिक्षा संस्थाहरूको गम्भीर संरचनागत असन्तुलनलाई छर्लङ्ग पार्छ, जसलाई अन्य तालिकाहरूको ढाँचामा एकीकृत गरी तालिका ४ मा प्रस्तुत गरिएको छ:

**तालिका ४:** *नेपालका उच्च शिक्षा संस्थाहरूको संस्थागत अवस्था (आ.व. २०८०/८१)*

| क्र स | विश्वविद्यालय / शैक्षिक निकायको नाम | कुल विद्यार्थी सङ्ख्या | प्रतिशत हिस्सा (%) | कुल क्याम्पस सङ्ख्या | कुल प्राध्यापक सङ्ख्या | प्रति प्राध्यापक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय (TU) | ४,९१,२९९ | ७७.६१% | १,११५ | ८,१२२ | ६०.४९ |
| २ | पूर्वाञ्चल विश्वविद्यालय (PU) | ३९,७८० | ६.२८% | १२३ | १०८ | ३६८.३३ |
| ३ | पोखरा विश्वविद्यालय (POKU) | ३५,२०० | ५.५६% | ६८ | १९५ | १८०.५१ |
| ४ | काठमाडौँ विश्वविद्यालय (KU) | २१,०५३ | ३.३३% | २२ | ४९६ | ४२.४५ |
| ५ | सुदूरपश्चिम विश्वविद्यालय (FWU) | १९,३५६ | ३.०६% | १७ | ४०८ | ४७.४४ |
| ६ | मध्यपश्चिम विश्वविद्यालय (MU) | ११,१७१ | १.७६% | २० | ३९३ | २८.४२ |
| ७ | कृषि तथा वन विज्ञान विश्वविद्यालय (AFU) | ४,०६६ | ०.६४% | १७ | १८० | २२.५९ |
| ८ | चिकित्सा विज्ञान प्रतिष्ठानहरू (NAMS, BPKIHS, PAHS आदि) | ३,२९७ | ०.५२% | ७ | १,२०८ | २.७३ |
| ९ | नेपाल संस्कृत विश्वविद्यालय (NSU) | ३,२९५ | ०.५२% | २२ | ७६० | ४.३४ |
| १० | लुम्बिनी बौद्ध विश्वविद्यालय (LBU) | १,८३२ | ०.२९% | १२ | ४६ | ३९.८३ |
| ११ | नेपाल खुला विश्वविद्यालय (NOU) | १,६३४ | ०.२६% | १ | १६ | १०२.१२ |
| १२ | प्रादेशिक विश्वविद्यालयहरू (MAU, LTU, GU, MTU) | ७५९ | ०.१२% | ४ | ७४ | १०.२६ |
| १३ | राजर्षि जनक विश्वविद्यालय (RJU) | ५२७ | ०.०८% | २ | ५९ | ८.९३ |
| १४ | मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय (MBUST) | १५ | ०.००% | १ | १० | १.५ |
| | कुल जम्मा (Grand Total) | ६,३३,०५३ | १००.००% | १,४३२ | १२,०८२ | ५२.४ |

(*स्रोत:* विश्वविद्यालय अनुदान आयोग (UGC) नेपाल, वार्षिक प्रतिवेदन २०८०/८१)

## तथ्याङ्कीय विश्लेषण र नीतिगत असङ्गति

नेपालको उच्च शिक्षामा त्रिभुवन विश्वविद्यालय एक्लैले ७७.६१ प्रतिशत विद्यार्थीको भार धानिरहेको छ (विश्वविध्यालय अनुदान आयोग, २०२४) बाँकी रहेका अन्य सबै १३ वटा विश्वविद्यालय र स्वायत्त चिकित्सा प्रतिष्ठानहरू मिलेर केवल २२.३९ प्रतिशत विद्यार्थी मात्र समेट्न सकेका छन्। पूर्वाञ्चल विश्वविद्यालय (PU) मा प्रति प्राध्यापक विद्यार्थीको चाप सबैभन्दा बढी ९३६८.३३० देखिन्छ। चिकित्सा विज्ञान प्रतिष्ठानहरू र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय (MBUST) मा प्रति प्राध्यापक विद्यार्थी सङ्ख्या निकै कम छ, जसले प्रयोगात्मक र केन्द्रित सिकाइलाई झल्काउँछ। नेपालभरिको उच्च शिक्षाको समग्र सरदर हेर्दा प्रत्येक ५२ जना विद्यार्थी बराबर १ जना प्राध्यापक कार्यरत छन्।

प्रादेशिक विश्वविद्यालयहरूको अवस्था त अझ दयनीय छ, जहाँ सबै प्रान्तीय संस्थाहरू मिल्दा पनि कुल विद्यार्थीको मात्र ०.१२ प्रतिशत हिस्सा रहेको छ ९तालिका ४०। यसले के देखाउँछ भने राज्यले नयाँ-नयाँ विश्वविद्यालय घोषणा गर्ने राजनीतिक होडबाजी त गर्‍यो, तर ती संस्थामा विद्यार्थी आकर्षित गर्ने र टिकाउने कुनै ठोस योजना वा शैक्षिक गुणस्तर विकास गर्न सकेन। यही आन्तरिक कमजोरीका बिच, राज्यको नीतिगत खुकुलोपनका कारण नेपालभित्रै ९३ भन्दा बढी विदेशी विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू बिना कुनै कडा मापदण्ड कलेजका रूपमा सञ्चालन भइरहेका छन्। यी कार्यक्रमहरूको सञ्चालन अनुमति दिँदा नेपालका स्थापित विश्वविद्यालयहरूलाई पूर्ण रूपमा बाइपास गरी शिक्षा मन्त्रालयले सोझै सम्बन्धन र अनुमति जारी गर्ने गरेको छ, जसले गर्दा स्वदेशी कलेजहरू विद्यार्थी विहीन बन्दै गएका हुन्। यस प्रणालीमा तत्काल व्यापक नीतिगत सुधारको आवश्यकता छ।

स्वदेशी वा विदेशी सम्बन्धन दिने सम्पूर्ण प्रक्रियालाई उच्च शिक्षा आयोग वा विश्वविद्यालय अनुदान आयोग (UGC) को प्रत्यक्ष मातहतमा ल्याइनुपर्छ र उक्त आयोगको कडा सिफारिसका आधारमा मात्र शिक्षा मन्त्रालय वा मन्त्रिपरिषद्‌द्वारा स्वीकृति दिने कानुनी व्यवस्था गरिनु पर्छ।

विदेशी विश्वविद्यालयलाई सम्बन्धन दिँदा शैक्षिक गुणस्तरीयता कायम गर्नु अपरिहार्य छ। नेपालमा सम्बन्धन दिँदा हाल गुणस्तरीयता कायम गर्दै विश्व मापन (World Ranking) मा ८०० देखि १००० भित्र पर्न सफल भएको त्रिभुवन विश्वविद्यालय (TU) भन्दा तल पर्ने वा कमजोर र्याङ्किङ भएको कुनै पनि विदेशी विश्वविद्यालय वा शैक्षिक कार्यक्रमलाई नेपालमा सञ्चालनको स्वीकृति दिइनु हुँदैन। साथै, यसअघि नै नियमविहीन रूपमा स्वीकृति पाइसकेका त्यस्ता कमजोर र मापदण्ड नपुगेका विदेशी कलेजहरूको हकमा निश्चित समयसीमा (Deadline) तोकेर स्वीकृति खारेज गर्ने कडा कानुनी व्यवस्था गरिनु पर्दछ। यस्ता संस्थाहरूबाट नेपालभित्र पठनपाठन गरिने कक्षाहरूमा सम्बन्धित विदेशी संस्थाकै मुख्य प्राध्यापकहरूको भौतिक उपस्थिति रहने र उनीहरूबाटै प्रत्यक्ष रूपमा पठनपाठन गराइने कुराको शतप्रतिशत सुनिश्चितता राज्यले गर्नुपर्छ।

## निष्कर्ष

जनसङ्ख्या संरचनामा आएको परिवर्तनले देशको शिक्षा क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्ने निश्चित छ। निकट भविश्यमा नै विना योजना खुल्ने गरेका सामुदायिक, संस्थागत वा निजी विद्यालय वा कलेजहरू धाराशायी हुने अवस्था देखिएको छ। यसले एकातिर सामुदायिक शैक्षिक संस्थामा निरन्तर विद्यार्थी घट्ने क्रम तीव्र हुनेछ भने अर्कातिर संस्थागत र निजी संस्थाहरू बन्द हुनेछन्। सीमित मात्रामा रहने निजी क्षेत्रका विद्यालय र उच्च शिक्षालयहरूले सर्वसाधारणले थेग्न नसक्ने महङ्गो शिक्षा प्रदान गर्न वाध्य हुनेछन्। यस्तो अवस्थामा निजी क्षेत्रले केवल पुँजीपति वर्गका

छोराछोरीलाई महङ्गो शिक्षा दिन बाहेक अन्य योगदान गर्न सक्ने छैनन्। राज्यको सही लगानी उचित सोचका साथ हुन सकेको खण्डमा सामुदायिक विद्यालयको स्थितिमा सुधार हुन सक्छ। यसका लागि समायोजनाको रणनीति के हुने निर्धारण हुन जरूरी छ। यसैगरी जथाभावी भर्ना, नियुक्ति तथा सम्बन्धनका नाममा चर्को विवादमा फसेर दुर्नाम कमाइरहेका त्रि.वि. सहितका विश्वविद्यालयहरूले देशको जनसङ्ख्या संरचनामा आएको परिववर्तनका आधारमा उच्च शिक्षा नीति बनाउने हो भने आफ्नो ऐतिहासिक शाख पुनः माथि उठाउने अवसर जुट्न सक्नेछ। यी समस्या समाधान गर्न सरकारले शिक्षा नीतिमा आमुल परिवर्तन गर्न आवश्यक छ। अहिले देखि नै सामुदायिक विद्यालय र क्याम्पसहरूको समायोजनको आधार तयार गरी कडाइका साथ लागु गरिनु पर्दछ। विश्वविद्यालयका पदाधिकारीहरूले योजनाका साथ काम गर्न उच्च शिक्षाको शैक्षिक क्यालेण्डर कडाइका साथ लागु गर्नु पर्दछ। यसका लागि सबै विश्वविद्यालयहरूको साझा शैक्षिक क्यालेण्डर निर्माण गरिनु पर्दछ। त्रिविकै पाठ्यक्रम धमाधम सार्दै नयाँ विश्वविद्यालय खोल्ने हालको अभ्यास वन्द गरिनु पर्दछ। उच्च शिक्षा धाएर पढ्ने हो भन्ने तथ्यलाई कडाइका साथ लागु गर्नु पर्दछ। विशेष गरी स्नातकोत्तर तह र सो माथिको पढाइका लागि जथाभावी क्याम्पस स्थापना र सम्बन्धनमा रोक लगाउनु पर्दछ। यी तहको उच्च शिक्षाको प्रवेश परीक्षामा कडाइ गरिनु पर्दछ। सबैले उच्च शिक्षा हासिल गर्न आवश्यक छैन भन्ने सन्देश दिनु जरूरी छ। स्नातक वा सो सरहको पढाइमा पढ्दै कमाउदै भन्ने अवधारणा ठिक होला तर स्नातकोत्तर र सो माथिको पढाइमा कडाइ गरी प्रवेश परीक्षामा उर्तीण हुनेलाई मात्र पढ्ने अनुमति दिनु पर्दछ। जथाभावी पाठ्यपुस्तक लेख्ने र स्तरहीन शैक्षिक सामग्री वितरण गरिने कार्यमा रोक लगाइनु पर्दछ। यसो नगरे उच्च शिक्षा प्रतिस्पर्धी बन्दैन र यसले देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति पहिचान गर्न कठिन हुन्छ।

नेपालको उच्च शिक्षामा विद्यमान परम्परागत शिक्षण पद्धति (Traditional Rote Learning) र अन्तर्राष्ट्रिय बजारको मागबिच ठुलो खाडल (Skill Gap) रहेको तथ्य विभिन्न प्रतिवेदनहरूले देखाएका छन्। नेपालबाट भइरहेको भयावह विद्यार्थी प्रवासनको एउटा मुख्य कारण स्वदेशी सिकाइ विधिको कमजोरी र अनुसन्धानमुखी वातावरणको अभाव हुनु हो। यस सन्दर्भमा नेपालको प्राज्ञिक गरिमा जोगाउन र बौद्धिक पलायन रोक्नका लागि उपयुक्त र आधुनिक शिक्षणविधिको आवश्यकता निम्न अनुसार रहेको छ :

**क) अनुसन्धानमूलक तथा सिकाइ केन्द्रित शिक्षण विधि (Research-Oriented Teaching Method)**

नेपालका विश्वविद्यालयहरूमा प्राध्यापकले कक्षामा आएर व्याख्यान दिने (Lecture-based) विधि मात्र बढी प्रचलनमा छ, जसले विद्यार्थीलाई सिर्जनशील बनाउन सक्दैन। उच्च शिक्षामा 'कोर्स-अनुसन्धान' (Course-based Research) विधिको प्रयोग अपरिहार्य छ, जहाँ विद्यार्थीले हरेक विषयमा अनिवार्य रूपमा फिल्ड वर्क, जर्नल लेखन र परियोजना कार्य (Project Work) गर्नुपर्छ। विश्वविद्यालय अनुदान आयोगको २०२४ को उच्च शिक्षा नीतिले नेपालका स्नातकोत्तर र सोभन्दा माथिका पाठ्यक्रमहरू पूर्ण रूपमा अनुसन्धानमुखी हुनुपर्ने र प्राध्यापकहरूले विद्यार्थीलाई अनुसन्धानमा सह-लेखकका रूपमा सहभागी गराउनुपर्ने सिफारिस गरेको छ।

**ख) समस्या समाधानमा आधारित सिकाइ (Problem-Based Learning - PBL)**

विद्यार्थीहरूले सैद्धान्तिक ज्ञान त प्राप्त गर्छन्, तर त्यसलाई वास्तविक जीवन वा कार्यस्थलमा आइपर्ने समस्या समाधान गर्न प्रयोग गर्न सक्दैनन्। PBL विधि अन्तर्गत विद्यार्थीहरूलाई समाज, कृषि, जलविद्युत वा अर्थतन्त्रका वास्तविक समस्याहरू (Real-world Problems) दिएर सामूहिक रूपमा समाधान खोज्न लगाइन्छ। त्रिभुवन विश्वविद्यालयको सेमेस्टर प्रणाली निर्देशिकाले पछिल्लो समय पाठ्यक्रममा 'केस स्टडी' (Case Study) र सामूहिक परियोजना कार्यलाई अनिवार्य रूपमा जोड्न थालेको छ, जसले विद्यार्थीमा समालोचकीय सोच (Critical Thinking) को विकास गराउँछ।

### ग) प्रविधिमैत्री र मिश्रित शिक्षण विधि (Blended and Digital Learning)

वर्तमान डिजिटल युगमा केवल भौतिक कक्षाकोठा मात्र सिकाइका लागि पर्याप्त छैनन् । 'ब्लेंडेड लर्निङ' (Blended Learning) विधिमा भौतिक कक्षाका साथै अनलाइन माध्यम, डिजिटल पुस्तकालय, र मुक्स (MOOCs) जस्ता अन्तर्राष्ट्रिय शैक्षिक प्लेटफर्महरूलाई एकीकृत गरिन्छ । यसले विद्यार्थीलाई विश्वव्यापी शैक्षिक स्तरसँग जोड्न मद्दत गर्छ । शिक्षा मन्त्रालयको 'सूचना तथा सञ्चार प्रविधि (ICT) शिक्षा नीति' ले उच्च शिक्षालाई प्रविधिमैत्री बनाउँदै अनलाइन लर्निङ म्यानेजमेन्ट सिस्टम (LMS) को देशव्यापी विस्तारमा जोड दिएको छ ।

### घ) प्रयोगात्मक तथा उद्योग-अन्तरसम्बन्धित विधि (Experiential and Industry-Linked Learning)

नेपालमा 'डिग्री' भएर पनि 'रोजगारी' नपाउने समस्या छ, किनभने विश्वविद्यालयको पढाइ र उद्योग/बजारको मागबिच तालमेल छैन । शिक्षण विधिमा इन्टर्नसिप (Internship), कार्यस्थलको अनुभव (On-the-Job Training), र उद्योगका विज्ञहरूद्वारा प्रत्यक्ष सिकाउने (Industrial Mentorship) विधिलाई पाठ्यक्रमको अनिवार्य अङ्ग बनाउनुपर्छ । नेपाल राष्ट्र बैंक २०२५ को जनशक्ति प्रक्षेपण प्रतिवेदनले नेपालको उच्च शिक्षामा सिपयुक्त (Skill-based) शिक्षण विधिको अभावका कारण उत्पादकत्व कमजोर भएको र बजारमा दक्ष जनशक्तिको खडेरी परेको उल्लेख गर्दै शैक्षिक प्रणालीलाई व्यावसायिक क्षेत्रसँग जोड्न सुझाव दिएको छ ।

### ङ) थप नीतिगत सिफारिसहरू

प्रतिवर्ष १ लाखभन्दा बढी युवाहरू र वार्षिक १ खर्बभन्दा बढी पूँजी बाहिरिनुले नेपालको भविष्यलाई बौद्धिक र आर्थिक दुवै रूपमा जोखिममा पारेको छ । यस समस्यालाई सम्बोधन गर्न र शैक्षिक पूर्वाधार सुधार गर्न निम्नलिखित नीतिगत सुझावहरू तत्काल लागू गरिनुपर्छ:

i. सम्बन्धन र नियमनको केन्द्रीकरण: स्वदेशी तथा विदेशी सम्बन्धन सम्बन्धी सम्पूर्ण अधिकार विश्वविद्यालय अनुदान आयोगको मातहतमा राखी आयोगको प्राज्ञिक सिफारिसमा मात्र मन्त्रालय वा मन्त्रिपरिषद्द्वारा स्वीकृत गर्ने प्रणाली स्थापना गरिनुपर्छ ।

ii. त्रिभुवन विश्वविद्यालयको मानक र र्याङ्किङ मापदण्ड: विश्व र्याङ्किङमा ८००-१००० भित्र रहेको त्रिभुवन विश्वविद्यालयभन्दा कमजोर स्तरका कुनै पनि विदेशी कलेजलाई अनुमति नदिने र सञ्चालित कलेजहरूको हकचा निश्चित समय तोकेर अनुमति खारेज गर्ने नीति कडा रूपमा लागु गरिनुपर्छ ।

iii. विदेशी प्राध्यापकहरूको अनिवार्य उपस्थिति: नेपालमा सञ्चालित विदेशी शैक्षिक कार्यक्रमहरूमा सोही विश्वविद्यालयका मूल प्राध्यापकहरू स्वयं उपस्थित भई अध्यापन गराउने कुराको कडा अनुगमन गरिनुपर्छ ।

iv. शिक्षणविधिको आधुनिकीकरण: परम्परागत घोकन्ते विधिको सट्टा अनुसन्धानमुखी, समस्या समाधानमा आधारित (PBL) र प्रविधिमैत्री शिक्षण विधि तत्काल लागु गरिनुपर्छ, जसले विद्यार्थीलाई स्वदेशमै अध्ययन र अनुसन्धान गर्न उत्प्रेरित गरोस् ।

v. विश्वविद्यालयहरूको सन्तुलित विकास र छात्रवृत्ति: त्रिभुवन विश्वविद्यालयमा मात्र रहेको ७७.६१% विद्यार्थीको अत्यधिक चापलाई विकेन्द्रीकरण गर्न अन्य प्रादेशिक र केन्द्रीय विश्वविद्यालयहरूमा आवासीय सुविधा, प्रयोगात्मक शिक्षा र एकीकृत प्राज्ञिक क्यालेन्डर अनिवार्य रूपमा लागू गरिनुपर्छ ।

## सन्दर्भ सामग्री


खतिवडा, पि. (२०२४). फर्केका आप्रवासी कामदारहरूलाई नेपालमा नै टिकाउने: कोभिड-१९ बाट सिकेका पाठहरू [Retaining the returnee migrant workers: Lessons learned from COVID-19]. Asian Journal of Population Sciences DOI: https://doi.org/10.3126/ajps.v3i1.61838.

केन्द्रीय तथ्याङ्क विभाग (सिबिएस). (२०१२). *राष्ट्रिय जनसङ्ख्या तथा आवास जनगणना २०६८ (National Report)*. नेपाल सरकार, काठमाडौँ।

नेपाल राष्ट्र बैंक (एनआरबी). (२०२४). *नेपालको वर्तमान समष्टिगत आर्थिक तथा वित्तीय स्थिति (Current Macroeconomic Situation)*. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, काठमाडौँ।

नेपाल राष्ट्र बैंक (एनआरबी). (२०२५). *नेपालमा आर्थिक वृद्धि तथा दक्ष जनशक्तिको आवश्यकता प्रतिवेदन*. नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, काठमाडौँ।

नेपाल राष्ट्र बैंक (एनआरबी). (२०२६). *समष्टिगत आर्थिक सूचक तथा शोधनान्तर स्थिति प्रतिवेदन (सेवा खाता वित्तीय प्रवाह तथ्याङ्क)*. नेपाल राष्ट्र बैंक, काठमाडौँ।

राष्ट्रिय तथ्याङ्क कार्यालय (एनएसओ). (२०२३). *राष्ट्रिय जनसङ्ख्या तथा आवास जनगणना २०७८ (अनुपस्थित जनसङ्ख्या तथा जनसाङ्ख्यिक सूचक प्रतिवेदन)*. नेपाल सरकार, थापाथली, काठमाडौँ।

विश्वविद्यालय अनुदान आयोग (युजिसि). (२०२४). *उच्च शिक्षा संस्थाहरूको वार्षिक प्रतिवेदन २०८०/८१: नेपालमा उच्च शिक्षाको स्थिति र मापदण्ड*. विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (मोइएसटी). (२०२४). *वैदेशिक अध्ययन अनुमति पत्र (NOC) जारी तथा वैदेशिक अध्ययन सम्बन्धी वार्षिक प्रतिवेदन*. नेपाल सरकार, सिंहदरबार, काठमाडौँ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (मोइएसटी). (२०२६). *उच्च शिक्षा सुधार तथा सूचना र सञ्चार प्रविधि (ICT) नीति प्रारूप प्रतिवेदन*. नेपाल सरकार, सिंहदरबार, काठमाडौँ।

थम्प्सन, डब्लु. एस. (१९२९). *जनसङ्ख्या (Population) अमेरिकन जर्नल अफ सोसियोलोजी*, ३४९६०, ९५९(९७५।

नोटेस्टिन, एफ। डब्लु. (१९४५). *जनसङ्ख्या ( दीर्घकालीन परिप्रेक्ष्य* (*Population - The Long View)* फुड फर द वर्ल्ड, सिकागो विश्वविद्यालय प्रेस।

International Consultants for Education and Fairs [ICEF]. (2024). Market intelligence for international student recruitment from ICEF. https://monitor.icef.com.

Institute of International Education [IIE]. (2024). *Open Doors Report on International Educational Exchange*. Retrieved from https://opendoorsdata.org.

Khatiwada, P.P.; Shrestha, B.1; KC, S. (2026). Evaluating Census Data Quality Governance through Post

Enumeration Surveys: A Comparative Study of Three National Statistical Systems. Journal of Logistics, Informatics and Service ScienceVol. 13 (2026) No. 6, pp. 203-217. DOI:10.33168/JLISS.2026.0612. https://www.aasmr.org/liss/Vol.13/No.6/Vol.13.No.6.12.pdf.

Khatiwada, P.P. (2026). Fragile Resilience: A Macro-Micro Analysis of Post-Pandemic Economic Recovery and Multidimensional Poverty in Nepal. Journal of Research and Development Vol.8, Supplement-1, May.2026, pp.52-60. https://doi.org/10.3126/jrdn.v8i1.95012.